आज मिति २०८०।०८।२१ गतेका दिन बिहान ८:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३२ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | K.K.।।१० |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | माधव कुमार जैसी | सचिव | |

अन्य उपस्थिति

१ भानुभक्त उपाध्याय (प्रशासन शाखा प्रमुख)

२ प्रयाग राज खनाल नगर प्रमुखको सचिवालय प्रमुख

CS Scanned with CamScanner

**प्रस्ताव नं. १ नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरण सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका नदि/खोलाहरुको IEE गरिएको स्थानबाट नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरणका लागि बोलपत्र आह्वान गरिएकोमा कर्णाली नदी तथा धोविनिया खोलाको प्याकेजमा बोलपत्र पेश भएको तर चेरेला, खहरे र ढाँडे खोला समेतको प्याकेज र चोरी, रतन खोला र आम खोला समेतको प्याकेजमा कुनै पनि बोलपत्र पेश नभएको भनी मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम बोलोपत्र पेश नभएका नदिहरुबाट नगरपालिकाले जनशक्ति खटाई नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरण गर्ने निर्णय गरियो। साथै रोयल्टी संकलन गर्ने कार्यमा खटिएका जनशक्तिहरुले रोयल्टी संकलन गरेवापत संकलित कुल रोयल्टी (VAT बाहेक) को रकमको १० प्रतिशत ले हुने आउने रकम पारिश्रमिक दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. २ बोलपत्र रद्द गरि पुन: बोलपत्र आह्वान गर्ने सम्बन्धमा।**

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको भल्का अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (DPR) मा उल्लेख गरिएको Underground Parking बमोजिम मिति २०८०।०७।२४ गते प्रथम पटक विद्युतीय खरिद प्रणाली मार्फत आह्वान गरिएको ठेक्का नं. 11 / LCM / G / 080 / 081 (Bhalka Aspatalma Bhawan Nirman) खरिद प्रकिया गरिएकोमा उक्त अस्पताल भवनको DPR मा उल्लेख गरिएको Underground Parking आवश्यकता नरहेको हुँदा हाल गरिएको बोलपत्र रद्द गरि DPR संसोधन गराई पुन बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ DPR तथा EIA गर्ने सम्बन्धमा।**

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको लम्की चोक देखी लम्कीचुहा नगरपालिका र मोहन्याल गाउँपालिकाका सिमानामा रहेको आमपानी सम्मको सडक निर्माणका लागि DPR तथा EIA गर्नका लागि आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ निमित्त प्रमुख प्रशासकीय अधिकृत तोक्ने सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०६।२४ गतेको च.न. ९५४ बमोजिम यस लम्कीचुहा नगरपालिकाका अधिकृत छैठौं श्री माधव कुमार जैसी (क.सं.नं. २२९१४३) लाई आर्थिक तथा प्रशासनिक कामकाज गर्ने गरी २ महिनाको लागि जिम्मेवारी तोकिएकोमा हाललाई अर्को आदेश वा व्यवस्था नहुन्जेलसम्मका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकि पठाईदिनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरि पठाउने निर्णय गरियो।

Scanned with CamScanner

**प्रस्ताव नं. १५ राधास्वामी सतसंगलाई आर्थिक सहयोग सम्बन्धमा।**

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको राधास्वामी सतसंगलाई आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि रु २,५०,०००।०० अक्षेरुपी दुइ लाख पँचास हजार मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १६ फारवेष्ट पशुपति युवा क्लबलाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी आयोजक फारवेष्ट पशुपति युवा क्लब धनगढी - १ कैलालीलाई छैठौ फारवेष्ट पशुपति कप - २०८० प्रतियोगिताका लागि रु २५,०००।०० अक्षेरुपी रु पच्चिस हजार मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १७ सृजनशिल बाल तथा युवा क्लबलाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी सृजनशिल बाल तथा युवा क्लब भल्का - २ कैलालीलाई खेलकुद सामाग्री खरिदका लागि रु १०,०००।०० अक्षेरुपी रु दश हजार मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १८ नगरपालिका कार्यालय भवन निर्माण योजनामा रकम थप गर्ने सम्बन्धमा।**

निर्णय नं. १८ प्रस्ताव. नं. १८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगरपालिका कार्यालय भवन निर्माणमा रु १६,००,०००।०० अक्षेरुपी सोह्र लाख मात्र आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि थप विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १९ जसको कोही छैन त्यसको हामी छौ समाज नेपाललाई आर्थिक सहयोग सम्बन्धमा।**

निर्णय नं. १९ प्रस्ताव. नं. १९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ८ कैलाली स्थित जसको कोही छैन त्यसको हामी छौ समाज नेपाललाई रु १,००,०००।०० अक्षेरुपी रु एक लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

**प्रस्ताव नं. ५ सडक बोर्डको रकम कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट विनियोजित रकम रु. ६५ (पैसठ्ठी) लाख तपशील बमोजिमका योजनाहरुलाई बाँडफाँड गर्ने र म्याचिङ्का लागि यस नगरपालिकाको तर्फबाट उक्त रकममा ३० (तिस) प्रतिशत साझेदारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

तपशिल

वडा नं. २ नवराज तिमिल्सिनाको घरदेखि पश्चिम उत्तर ओझा टोल जाने बाटो सडक स्तरोन्नति

वडा नं. ४ चक्र शाहीको घरदेखि नारायण चौधरीको घरनिरको कल्भर्ट हुँदै बसन्त चौधरी घरनिरको चौराहासम्मको सडक स्तरोन्नती

वडा नं. ८ मलभंगा गाउँ देखि तोरिपुर सम्म सडक स्तरोन्नति

वडा नं. १० तिघरी डा. डगौराको घरदेखि मुस्लिमटोल जानेबाटो सडक स्तरोन्नति

**प्रस्ताव नं. ६ १२ औ नगरसभा सम्बन्धमा ।**

निर्णय नं. ६ , प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको १२ औ नगरसभा मिति २०८० पुष १८ गते आह्वान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ७ जगरनथिया देउथनुवा (मन्दिर) संरक्षण समाज को जग्गा सम्बन्धमा ।**

निर्णय नं. ७ , प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा न. ८ मा अवस्थित जगरनथिया देउथनुवा (मन्दिर) संरक्षण समाजलाई साविक चुहा गा.वि.स. वडा नं. ५ मा अवस्थित टिकाराम चौधरीको नाममा दर्ता श्रेस्ता कायम कित्ता नं. १९६ को जग्गाबाट ३ कठ्ठा जग्गा खरिद गर्न अनुमति प्रदान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ८ बर्दगोरिया स्पोर्टस एण्ड इभेन्ट लाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. ८ , प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी बर्दगोरिया स्पोर्टस एण्ड इभेन्ट बर्दगोरिया -२ कैलालीलाई रु १,००,०००।०० अक्षेरुपी रु एक लाख मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

**प्रस्ताव नं. १३ रोयल्टी संकलन कार्यका लागि जनशक्ति कामकाजमा लगाउने सम्बन्धमा ।**

निर्णय नं. १३ प्रस्ताव. नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा लम्कीचुहा नगरपालिका क्षेत्रमा रहेका नदि/खोलाहरुको IEE गरिएको स्थानबाट नदिजन्य पदार्थको संकलन तथा विक्रि वितरणका लागि बोलपत्र आह्वान गरिएकोमा कर्णाली नदी तथा धोविनिया खोलाको प्याकेजमा बोलपत्र पेश भएको तर चरेला, खहरे र ढाँडे खोला समेतको प्याकेज र चोरी, रतन खोला र आम खोला समेतको प्याकेजमा कुनै पनि बोलपत्र पेश नभएको र बोलपत्र पेश नभएका नदिहरुबाट नगरपालिकाले तपशिल बमोजिमका जनशक्ति खटाई रोयल्टी संकलन गर्ने निर्णय पारित गरियो।

तपशिल

| क्र स | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भद्र बहादुर शाह | लम्कीचुहा न.पा – १ | |
| २ | सिता विष्ट | लम्कीचुहा न.पा – ४ | |
| ३ | रमेश भाट | लम्कीचुहा न.पा – ४ | |
| ४ | भजने कठायत | लम्कीचुहा न.पा – ६ | |
| ५ | धन बहादुर चौधरी | लम्कीचुहा न.पा – ६ | |
| ६ | धर्मेन्द्र विष्ट | लम्कीचुहा न.पा – ६ | |
| ७ | बल बहादुर बुढा | लम्कीचुहा न.पा – ६ | |
| ८ | खडक बहादुर शाही | लम्कीचुहा न.पा – ८ | |
| ९ | कमल प्रसाद जैसी | लम्कीचुहा न.पा – ८ | |

**प्रस्ताव नं. १४ गौरीगङ्गा गोल्डकपलाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी आयोजक गौरीगगां - ११, स्पोर्टस क्लब गौरीगंगा नगरपालिका कैलालीलाई सूदुर पश्चिम गौरीगंगा गोल्ड कप - २०८० चौथौ संस्करण प्रतियोगिताका लागि रु २५,०००।०० अक्षेरुपी रु पच्चिस हजार मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

**प्रस्ताव नं. ९ लम्की जेसिसलाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. ९ , प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम नगर प्रमुख खेलकुद कार्यक्रम तथा खेलकुद सामाग्री वितरण शीर्षकबाट व्ययभार हुने गरी लम्की जेसिस लम्कीचुहा -१ कैलालीलाई दोस्रो किसान सहकारी लम्कि जेसिस कप २०८० प्रतियोगिताका लागि रु १,००,०००।०० अक्षेरुपी रु एक लाख मात्र आर्थिक सहयोग प्रदान गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १० सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको लागि आवश्यक पर्ने तपशिल बमोजिमका पदहरुमा नयाँ दरवन्दी स्वीकृत गर्ने र सेवा करार मार्फत पदपूर्ति गर्ने निर्णय पारित गरियो ।

तपशिल :-

१ मेकानिकल ईन्जिनियर (अधिकृत छैठौ) :- पद सङ्ख्या १ (एक)

**प्रस्ताव नं. ११ DPR सम्बन्धमा ।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ देखि अमौरीसम्म (लम्की टिकापुर सडक खण्डमा ) लाइटनिङ र जालि निर्माण कार्यकालागि DPR गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १२ सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

निर्णय नं. १२ प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्राविधिक त्रुटीका कारण लम्कीचुहा नगरपालिका वडा नं. -२ को वडा कार्यालयबाट ११९ जना लाभग्राहीको आ.व. २०८०।०८१ को सामाजिक सुरक्षा नविकरण समयमा नभएको हुँदा सो सम्बन्धमा नविकरण छुटन गएका लाभग्राहीको आ.व. २०८०।०८१ पहिलो त्रैमासिक देखिको सामाजिक सुरक्षा भत्ता वापतको रकम राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिहंदरबार काठमाडौमा माग गर्ने निर्णय पारित गरियो।

Scanned with CamScanner

**प्रस्ताव नं. २० दैनिक ज्यालादारी कर्मचारी नियुक्ति सम्बन्धमा ।**

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका विभिन्न खोला नालाहरुमा रोयल्टी संकलन कार्यको अनुगमन गर्नका लागि तपिशल बमोजिमका व्यक्तिहरुलाई कार्यालय सहयोगी पदको लागि तोकिए बमोजिमको रकम भुक्तानि हुने गरी २०८० पुष १ गते देखि लागु हुने गरी बढीमा ६ महिना दैनिक ज्यालादारीका रुपमा कामकाजमा लगाउने निर्णय पारित गरियो ।

तपशिल

| क्र.स. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | तर्क तिमिल्सिना | लम्कीचुहा नगरपालिका वडा नं २ | |
| २ | आरदिप शाही | लम्कीचुहा नगरपालिका वडा नं २ | |
| ३ | जीवन शाही | लम्कीचुहा नगरपालिका वडा नं २ | |
| ४ | रबिन्द्र शाही | लम्कीचुहा नगरपालिका वडा नं २ | |

**प्रस्ताव नं. २० सामुदायिक रेडियो पश्चिम आवाज लाई आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट समपुरक कोष शीर्षकबाट व्ययभार हुने गरि सामुदायिक रेडियो पश्चिम आवाज १०४.७ मेगाहर्ज लम्की कैलालीलाई लम्की सांगितिक महोत्सव तथा व्यापार मेला २०८० आयोजना गर्नका लागि रु ३,००,०००।०० अक्षेरुपी रु तीन लाख मात्र आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रमाणित

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner